# मन्थली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

## स्टेशनरी सामाग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना ।

**प्रथम पटक प्रकाशित मितिः- २०८०/०६/११**

यस नगरपालिका कार्यालय, मातहतका शाखाहरु, १ नं देखि १४ नं सम्मका १४ वटै वडामा रहेका प्राथमिक तथा आधारभूत स्वास्थ्य चौकीहरुका लागि आ.व. २०८०/८१ मा आवश्यक पर्ने जिन्सी (स्टेशनरी,) सम्बन्धी मालसामानहरु खुला दरभाउपत्रको माध्यमद्वारा एकमुष्ठ रुपमा खरिद गर्नु पर्ने भएकोले यो १५(पन्ध्र) दिने सुचना प्रकाशन गरिएको छ ।

| सुचना नं. | विवरण | परिमाण | लागत अनुमान रु. | दरभाउपत्र दस्तुर | धरौटी रकम | दरभाउपत्र खरिदको अन्तिम मिति | दरभाउपत्र दर्ता अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १-२०८०/०८१ | स्टेशनरी सामाग्री खरिद | दरभाउपत्र पुस्तिकामा उल्लेख भएबमोजिम | १५,७६,१२५/- | १०००/- | कबोल अंकको ५ प्रतिशत | २०८०/०६/२५ | २०८०/०६/२६ गते दिनको १२ बजेसम्म |

- दरभाउपत्र खरिद गर्न इच्छुक फर्म वा सप्लायर्सहरुले माथि उल्लेखित राजश्व दस्तुर (पछि फिर्ता नहुने) यस कार्यालयको राजश्व शाखामा बुझाई नगदी रसिद वा राष्ट्रिय वाणिज्य बैंक मन्थलीमा रहेको आन्तरिक राजश्व खाता नं १६८०१००३०१०१०००२ मा जम्मा गरी बैंक भौचर,नागरीकताको प्रतिलिपि तथा चालु आ..व २०८०/०८१ को नविकरण गरीएको फर्म दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ. कर दर्ता प्रमाणपत्र समेतको प्रतिलिपि संलग्न गरी दरभाउपत्र पुस्तिका मन्थली नगर कार्यपालिकाको कार्यालय मन्थलीमा निवेदन पेश गरी खरिद गर्न सकिनेछ ।
- दरभाउपत्र लिन इच्छुक दरभाउपत्रदाताले कबोल गरेको अंकको ५ प्रतिशत रकम धरौटी राख्नुपर्नेछ । धरौटी बापतको रकम मन्थली नगरपालिका कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक मन्थलीमा रहेको धरौटी खाता नं. १६८०१००३०३००००००२ मा जम्मा गरी सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ९० दिन म्याद कायम भएको विड सेकुरिटी सँलग्न गरी प्रथम पटक सूचना प्रकासित भएको मितिको १६ औं दिन दिनको १२ बजेसम्म दर्ता गरी सक्नुपर्नेछ र सोही दिन दिनको २ बजे नियमानुसार कर्मचारी प्रतिनिधि र ठेकेदार प्रतिनिधिको रोहवरमा दरभाउपत्र खोलिनेछ ।
- शिलबन्दी दरभाउपत्र खोल्ने समयसम्म दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
- दरभाउपत्र खरिद वा दर्ता हुने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयभित्र खरिद तथा दर्ता क्रमश गर्न सकिनेछ ।
- दरभाउपत्रदाताले आफुले खरिद गरेको दरभाउपत्र दर्ता गराउनु पर्नेछ ।यस कार्यालयबाट प्रमाणित नभएको, दरभाउपत्र पेश गर्दा एक फर्मले खरिद गरि अर्को फर्मले पेश गरेको साथै दरभाउपत्रमा कुनै शर्त राखि पेश गरेको दरभाउपत्र मान्य हुने छैन ।
- स्विकृत दरभाउपत्र बमोजिमको सामाग्री एकमुष्ठ वा कार्यालयको आवश्यकता अनुसार फरक फरक अर्डर दिइ खरिद गरिनेछ साथै सप्लाई गरेको सामाग्री उच्च गुणस्तरको हुनु पर्नेछ ।
- रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।साथै स्विकृत दरभाउपत्र बमोजिको सामाग्री कार्यालयले माग गरेको समयभित्र उपलव्ध गराउनु पर्नेछ ।यदि कुनै कारण देखाई दरभाउपत्रमा उल्लेख भएको सामाग्री माग भएको समयमा उपलब्ध गराउन नसकेमा सार्वजनिक खरिद सम्वन्धी ऐन, नियम बमोजिम कारवाही गरिनेछ ।
- कार्यालयमा आपुर्ती गर्ने समाग्रीको ढुवानी दरभाउपत्रदाताले स्वयं गर्नुपर्नेछ ।साथै ढुवानीको क्रममा सामान हराउने वा टुटफुट भएमा दरभाउपत्रदाता स्वयं जिम्मेवार हुनुपर्नेछ ।
- दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताको अधिकार प्राप्त व्यक्तीको सहि र फर्म वा सप्लायर्सको छाप अनिवार्य हुनुपर्नेछ । साथै दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित घोषणा पत्र पेश गर्नुपर्नेछ ।
- यसमा उल्लेखित कुराहरु यसै अनुसार र अन्यको हकमा प्रचलित कानुन बमोजिम मन्थली नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत